# सेवा व्यापारमा जान विज्ञहरुको सुझाव

अभियान संवाददाता




चैत १०, काठमाडौं । नेपालले अब सेवा व्यापारमा जोड दिनुपर्ने विज्ञहरुले बताइका छन् । राजधानीमा साउथ एशिया वाच अन ट्रेड, इकोनोमिक्स एण्ड इन्भायरोन्मेट (सावती) ले शुक्रबार आयोजना गरेको 'पब्लिक-प्राइभेट डाइलग अन नेपाल-इण्डिया ट्रेड एण्ड साफ्टा-साटीज' मा राष्ट्रिय योजना आयोगका उपाध्यक्ष दीपेन्द्रबहादुर क्षेत्रीले बस्तुव्यापारलाई भन्दा सेवा व्यापारलाई प्राथमिकतामा राख्न सल्लाह दिएका छन्। हालसम्म बस्तु व्यापारमा बढी जोड दिएको नेपालको व्यापारलाई सेवा क्षेत्रमा विस्तार गर्नु फलदायी हुने उनले बताए । 'व्यापारमा क्षेत्र र प्रकृति बढाउनुको साथै नेपालमा वैदेशिक लगानीलाई सरल रुपमा भित्र्याउने वातारवरण बन्नुपर्छ,' उनको भने, 'व्यापार सहुलियतमा चलाउने होइन, प्रतिस्पर्धा अनुसार जानुपर्छ ।'

कार्यक्रममा अर्थशास्त्री प्रा.डा. विश्वम्भर प्याकुर्‍यालले सरकार परिवर्तन भएपिच्छे सचिव तथा सहसचिव परिवर्तन हुने हुनाले सरकारभित्र नै व्यापारका बारेमा अनुगमन गर्ने स्थायी निकाय बन्नुपर्ने बताए । नेपालले भारतबाट डलरमा सामान आयात गर्दा अन्तःशुल्क नलाग्ने र भारतीय रुपैयाँमा आयात गर्दा लाग्ने भन्ने विषय कहीं पनि उल्लेख नभएको उनको भनाइ थियो । सावती नेपालका प्रमुख कार्यकारी निर्देशक डा. रत्नाकर अधिकारीले नेपाल-भारत व्यापारमा डीआरपी खारेजी र एआरईवान लागू भएको अवस्थामा अन्योल देखिएको बताए । कार्यक्रममा बाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव इइन्द्रप्रसाद उपाध्यायले नेपालको कूल व्यापारमध्ये ७८ प्रतिशत भारतमा हुने गरेको बताए । नेपालले भारतसँग पारवहन, ट्रेड र अनिधिकृत व्यापार गरी तीन सम्झौता गरेको छ । १ सय ४ बस्तुलाई व्यापार सम्झौतामा उल्लेख गरिएको छ । नेपाल र भारतको व्यापारलाई हेर्दा सन् १९९६ देखि २००२ सम्ममा नेपालको व्यापार सात गुणाले बढेको थियो । सन् २००७ सम्म पनि व्यापार त्यति नराम्रो थिएन उपाध्यायले भने ।

त्यस्तै कार्यक्रममा नेपाल-भारत उद्योग बाणिज्य सङ्घका सदस्य आनन्द बगारियाले नेपालले व्यापारका लागि नयाँ बजार खोज्नुपर्ने, बस्तुहरुको छनोट हुनुपर्ने, सम्भावनाहरुको खोजी गरिनुपर्ने लगायतका बिषयमा बस्तुमा जोड दिए। यसैबीच, भारतको लगानी नेपालमा भित्र्याउन सहज बाताबरण बन्नुपर्ने उनको धारणा थियो । कार्यक्रममा सावतीका अनुसन्धान निर्देशक पुष्प शर्माले नेपालका धेरै निर्यातयोग्य बस्तुहरु संवेदनशील बस्तुको सुचिमा परेको बताए। राष्ट्रिय योजना आयोग पूर्वसदस्य प्राडा. पुष्कर बज्राचार्यले संवेदनशील सूचीमा परेका बस्तुहरु घटाउनुपर्ने बताए। सार्क उद्योग बाणिज्य संघका उपाध्यक्ष प्रदीपकुमार श्रेष्ठले देश-देशबीच देखिएको राजनीतिक मुद्दाका कारण आर्थिक मुद्दा पछि परेको बताए ।